# बेदकोट नगरपालिकामा हरियो वन कार्यक्रम

## बेदकोट नगरपालिकाको परिचय




बेदकोट नगरपालिका कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगर देखि ३ कि.मि दुरीमा रहेको छ। साबिकका सुडा र दैजि नगरपालिका मिलाएर बनाइएको यस नगरपालिकाको कुल क्षेत्रफल १६०.०६ बर्ग कि.मि. रहेको छ । यस नगरपालिकाको पूर्वमा शुक्लाफाँटा नगरपालिका, पश्चिममा भिमदत्त नगरपालिका, उत्तरमा चुरे पर्वत र दक्षिणमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज रहेका छन् । उष्ण प्रदेशिय हावापानी पाईने यस नगरपालिका समुन्द्री सतहबाट १६० मीटर देखि १,५२८ मीटरसम्मको उचाईमा फैलिएको छ ।

पश्चिम तराई भू-परिधि अन्तर्गत शुक्ला ब्रह्मदेव कम्पलेक्समा अवस्थित यस नगरपालिकाको जम्मा जनसंख्या ५९,४३४ (महिला: २९,५७० पुरुष :२९,८६४) र जम्मा घरपरिवार ११,८८६ रहेका छन् (स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७५) । यस नगरपालिकामा बसोबास गर्ने बासिन्दाहरुको प्रमुख पेशा एवं जीविकोपार्जनको आधार कृषि तथा पशुपालन, व्यापार, नोकरी, ज्याला मजदुरी साथै वैदेशिक रोजगारी रहेको पाइन्छ । यस नगरपालिकाले वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मानव संसाधन व्यवस्थापन, विपद् पूर्वतयारी जस्ता विषयहरुमा कार्यक्रमहरु लागु गरिरहेको छ । आमजनताको प्रत्यक्ष सहभागिताबाट योजना बनाई कार्यक्रमहरु लागु भएकाले सो कार्यक्रमहरुमा स्थानीय बासिन्दाहरुको अपनत्व रहेको छ भने हरियो वन कार्यक्रमले तिनै कार्ययोजनाहरुको सफल कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

विश्वव्यापी रुपमै जलवायु परिवर्तनले व्यापक चर्चा पाइरहेको वर्तमान सन्दर्भमा यस नगरपालिकामा समेत जलवायु परिवर्तनका लक्षण तथा प्रभावहरु देखा पर्न थालिसकेका छन् । जलवायुजन्य प्रकोपहरु जस्तै बाढी, डुबान, कटान तथा पटानका साथै खडेरी, हावाहुरी, महामारी, आगलागी, मिचाहा प्रजाति, कृषिमा रोग तथा किरा, शितलहर, पहिरो आदि यस नगरपालिकाका प्रमुख प्रकोपहरु हुन् ।

## बेदकोट नगरपालिकामा हरियो वन कार्यक्रमको भूमिका

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडि) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुऱ्याउनु हो । हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपाल, केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषसहित चार वटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन् । कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो । पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि सञ्चालन भइरहेको छ । यस कार्यक्रमले चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा काम गर्छ । यसका दुई

कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्रभित्र बजारमा आधारित जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम पर्दछन्।

हरियो वन कार्यक्रमले यस नगरपालिकामा पहिलो चरणदेखि नै कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विपन्न वर्ग तथा पिछडिएका समुदायहरुको उल्लेख्य बसोबास भएको यस नगरपालिकामा हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । भू-क्षय, वन्यजन्तु चोरी-सिकारी, अव्यवस्थित पूर्वाधार निर्माण, वन पैदावारको गैह्रकानुनी संकलन, अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द्व, जलवायुजन्य प्रकोपहरु (जस्तै बाढी, डुबान, कटान तथा पटानका साथै खडेरी, हावाहुरी, महामारी, आगलागी), लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण, जीविकोपार्जन सुधार र प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरण आदि विषयहरुका समाधान तथा न्यूनीकरणकाका लागि बेदकोट नगरपालिकामा विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

बेदकोट नगरपालिकाले स्थानीय संस्था निड्स नेपालको सहजीकरण तथा बेलायती सहयोग नियोग अन्तर्राष्ट्रिय विकास विभाग (UK aid/DFID) को अनुकूलन/ब्रेष्ड परियोजना तथा केएर नेपाल, हरियो वन कार्यक्रमको प्राविधिक तथा आर्थिक सहयोगमा २०७३ सालमा **जलवायु परिवर्तन स्थानीय अनुकूलन योजना (विपद् समाहित स्थानीय अनुकूलन कार्ययोजना)** योजना तयार गरेको थियो । सो योजनाको निर्माण पश्चात स्थानीय तहको पुनर्संरचना भएकाले सो विषयलाई समेटी २०७४ मा केयर नेपाल तथा निड्स नेपाल, हरियो वन कार्यक्रमको सहयोगमा **पहिलो पटक** र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग समेतको सहकार्यमा **दोस्रो पटक २०७५ मा अद्यावधिक** गरिएको हो । उक्त स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा उल्लिखित लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि नगरपालिका र अन्य सरोकारवाला निकायहरुसँग सहकार्य, समन्वय र साझेदारी गरी सकंटासन्न वडा तथा समुदायहरुमा हरियो वन कार्यक्रमद्वारा निम्नानुसारका क्रियाकलाप सञ्चालन भइरहेका छन् । :

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | बजारमुखी जीविकोपार्जन | | | | |
| १.१ | बजारमुखी वैकल्पिक जीविकोपार्जन विकास तथा प्रवर्द्धन | घरधुरी | २५ | बेदकोट नगरपालिका वडा नं ४ र वडा नं १० | व्यवसायिक वंगुरपालन, गैर काष्ठ वन पैदावर (NTFP) बिकास तथा प्रवर्द्धन |
| २ | योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहीकरण | | | | |
| २.१ | जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण अभिमुखीकरण तालिम कार्यक्रम | संख्या | १ | बेदकोट नगरपालिका | जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापनको मूलप्रवाहीकरणबारे स्थानीय सरकार जनप्रतिनिधी तथा सरोकारवाला निकाय तथा समुदाय लक्षित वर्गहरुलाई सचेतना तथा क्षमता विकास अभिवृद्धि |
| २.२ | जिल्ला परियोजना सल्लाहकार समिति/ जिल्ला वन क्षेत्र समन्वय समिति (DPAC/DFSCC) बैठक तथा सयुक्त अनुगमन | संख्या | १ | कञ्चनपुर | जिल्ला स्थित सरोकारवाला निकायहरु, स्थानीय सरकार तथा सम्बनधित लक्षित समुदायका वर्गहरुलाई कार्यक्रमका विविध क्रियाकलापहरुको बारेमा जानकारी, सल्लाह सुझाव तथा आवश्यक परिमार्जन सँगै क्रियाकलापको सयुक्त कार्यान्वयनका लागि साझेदारी, सहकार्य तथा समन्वयको वातावरण विकास |

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| २.३ | योजना आदान प्रदान तथा योजना तर्जुमाको लागि पालिका तहमा बैठक | पटक | २ | बेदकोट नगरपालिका | वार्षिक कार्ययोजना अनुसारको क्रियाकलापहरुको सिकाई आदानप्रदान , प्रगती समिक्षासँगै सयुंक्त क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक सहकार्य, समन्वय तथा साझेदारी |
| २.४ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारी निर्देशिका अनुरुप स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अधावधिक तथा प्रकासन | पटक | | बेदकोट नगरपालिका | ५५ जना बेदकोट लापा समिति तथा सरोकारवाला निकायहरुका प्रतिनिधीसहितको अन्तरक्रियात्मक गोष्ठी मार्फत अनुकुलन कार्ययोजना पुनरावलोकन (फरक प्रभाव सम्बोधन प्रतिकार्य योजना सहित) |
| ३ | जलवायु परिवर्तन अनुकूलनकालागि पूर्व तयारी र अनुकूलन | | | | |
| ३.१ | स्थानीय अनुकुलन कार्य योजनाका प्राथमिकिकृत क्रियाकलापहरुको कार्यन्वयन गर्न सहयोग गर्ने | | | | |
| ३.१.१ | सचेतना/क्षमता अभिवृद्धि र शुसासन | स्थानीय अनुकुलन कार्य योजनाको संख्या | | बेदकोट नगरपालिका वडा नं ४ | |
| | | | | | |
| ३.१.२ | जलवायु अनुकुलित वा उत्थानशिल जीविकोपार्जन र भिन्न प्रभाव सम्बोधनका कार्यक्रम | घरधुरी | ३२ | सार्की पार्की टोल | ६०० कागती विरुवा वृक्षारोपण, माटोका परिक्षण गरी मुंगको दाल खेती, बाढी ग्रस्त क्षेत्रमा उच्च शौचालय सहितको गोबरग्यास प्रविधी जडान |
| ३.१.३ | साना सामुदायिक संरचना तथा अनुकुलन प्रविधि एवं विपद् जोखिम न्यूनीकरण संरचना निर्माण | संख्या | ३ | बेदकोट नगरपालिका वडा नं ४ र वडा नं १० | चौधर नदी तटवन्ध निर्माण, चौधर नदी पार्कीटोल तटवन्ध निर्माण, चतहरी तटवन्ध निर्माण, १५५ बाँस र ६०० कागती विरुवा वृक्षारोपण |
| ३.१.४ | योजना तर्जुमा, अनुगमन, पुनरावलोकन तथा सिकाई आदान प्रदान | पटक | ६ | बेदकोट नगरपालिका | लापा योजना माथिको छलफल, एकीकृत लापा क्रियाकलाप कार्यान्वयन, क्रियाकलाप कार्य प्रगति समिक्षा, फिल्ड स्तरीय अनुगमन तथा समिक्षा |
| ३.६ | पार्की टोल एकिकृत नमुना बस्ती निर्माण | संख्या | | बेदकोट नगरपालिका वडा नं ४, पार्की टोल | एकिकृत नमुना बस्तीका विभिन्न विषयमा सूचकहरु निर्माण तथा कार्यान्वयन। जस्तै, ३२ घरमा शौचालय सहितको गोवरग्यास, सिचाई वोरिङ्ग मर्मत सहयोग, टनेल प्रविधी सहितको तरकारी खेती, सामुदायिक घर मर्मत सम्भार, घर बगैचा निर्माण, बंगुर पालन |
| ४ | जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्युनीकरणका प्रयास | | | | |
| ४.१ | कृषि सम्बन्धि सेवा सल्लाह सुझाव SMS मार्फत | | | बेदकोट नगरपालिका वडा नं ४ | २९ जना मुख्य कृषकहरुको तथ्याँक अभिलेखीकरण |

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | जानकारी तथ्याँक अभिलेखीकरण | | | | |
| ४.२ | जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका सवालहरुमा सामुदायिक सिकाई तथा कार्य केन्द्रको क्षमता अभिवृद्धि | संख्या | १ | बेदकोट नगरपालिका वडा नं ४ | बैतडा सामुदायिक सिकाई तथा कार्यकेन्द्र |
| ५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | | | | |
| ५.१ | महिला नेतृत्व विकासमा पुरुष तथा निर्णायक वर्गको संलग्नता | पटक | २ | बेदकोट नगरपालिका वडा नं १ | बेदकोट नगरपालिका क्षेत्रका वन समूहका कार्यसमिती पदाधिकारीहरुलाई ४ दिने तालिम तथा कार्ययोजना कार्यान्वयन |
| ५.२ | परिवर्तनका संवाहक मार्फत सामाजिक रुपान्तरणका क्रियाकलाप | संख्या | २ | बेदकोट नगरपालिका वडा नं ५ | बाल विवाह न्युनीकरण अभियान तथा कार्यक्रम |
| ५.३ | सामाजिक रुपान्तरणका क्रियाकलाप कार्यान्वयनका लागि पोष्ट सामुदायिक सिकाई तथा कार्यकेन्द्रलाई सहयोग | पटक | २ | बेदकोट नगरपालिका वडा नं ४ र वडा नं ५ | उज्यालो र बैतडा सामुदायिक सिकाई तथा कार्यकेन्द्रमा विद्यमान सामाजिक सवालहरु जस्तै बाल विवाह, जाडँरक्सी तथा लागुपदार्थ दुर्व्यसनी नियन्त्रण तथा रोकथाम, बाँझो जग्गा घटदो उत्पादन आदि सवाल सम्बोधनका लागि अभियान तथा कार्यक्रम सञ्चालन |
| ५.४ | सा.व.उ.स. मा वहिष्करणमा परेका मुक्त हलियाहरुलाई समावेश गर्न सहयोग) | संख्या | २ | बेदकोट नगरपालिका वडा नं ७ र वडा नं ८ | गणेश सा.व.उ.स. र अमर सा.व.उ.स. अन्तरगत सदस्य नभई वहिस्कृतमा परेका १९ मुक्त हलियाहरुलाई वन समूह अन्तरगत उपभोक्ता सदस्य समावेश भएको । |
| ६ | सुशासन | | | | |
| ६.१ | सामुदायिक वन उपभोक्ता समूहको संस्थागत क्षमता विकास (क्षमता आँकलन, पूनःआँकलन र विभिन्न तालिमहरु) | समूह | ४ | बेदकोट नगरपालिका वडा नं २, वडा नं ३ र वडा नं ४ | बैतडा सा.व.उ.स<br>बेदकोट सा.व.उ.स<br>सिद्धबैजनाथ सा.व.उ.स<br>जनचेतना सा.व.उ.स |

माथि उल्लेखित कार्यक्रमहरुका साथै हरियो वन कार्यक्रमद्वारा निम्न गतिविधिहरु यस नगरपालिकामा सञ्चालन भइरहेका छन्:

- बेदकोट न.पा. वडा नं १ र २ समेटेर राधा एकिकृत उपजलाधार व्यवस्थापन योजना तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिएको छ। यस व्यवस्थापन योजनाको कूल क्षेत्रफल ४७७१ हेक्टर रहेको र २२२६ घरधुरी समेटेको छ।
- विपन्न घरपरिवारहरुको घरेलु इन्धनको लागि काठ-दाउरामा निर्भरता कम गर्ने विकल्प स्वरुप बायोग्याँसको निर्माण गरिएको छ।

- निकै बहुपयोगी प्रजाति बिजयसालको संरक्षण कार्ययोजना अनुरुप यसको संरक्षणका निम्ति आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याइरहेको छ ।
- विरुवा उमार्नको लागि प्लास्टिकको प्रयोगको सट्टा ठूला पातहरूको प्रयोग गरी स्थानीय समाधानका रुपमा पातको खोचा तथा थैला बनाउनका लागि हरियो वन कार्यक्रमद्वारा तालिम दिइएको छ ।
- समुदायमा आधारित १३ वटा चोरी शिकार नियन्त्रण इकाई (CBAPU) सञ्चालन भइरहेका छन् जसमा ४१ जना महिलाहरु तथा १९ जना दलितहरु गरी १७४ स्वयंसेवी युवाहरु आबद्ध छन् । यस कार्यक्रमलाई हरियो वन कार्यक्रमले आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याइरहेको छ ।

## मुख्य उपलब्धिहरु

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना का प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयन गर्नमा सहयोग गर्दा अति उच्च जोखिममा रहेका यस नगरपालिकाका वडा नं ४, वडा नं ५ र वडा नं १० मा हरियो वन कार्यक्रम दोस्रो चरणको अवधिमा विभिन्न क्रियाकलापहरु सञ्चालन भए पश्चात प्रारम्भिक नतिजाहरु देखिन थालेका छन्:
  - पार्की टोल एकिकृत नमुना बस्तीको रुपमा विकास हुदै गएको छ। सबै घरमा शौचालय जडित बायोग्यास छन्। सिकाई केन्द्रमा सहभागी महिलाहरुले कल्याण कृषि तथा बचत समूह गठन गरेका छन्। उक्त कृषक समूहमार्फत ३२ जना कृषकहरुलाई बंगुर पालन व्यवसाय तथा ५ परिवारले टनेलमा बेमौसमी तरकारी खेती मार्फत आयमुलक क्रियाकलापमा जोड्न सकिएको छ । त्यस्तै उनीहरुले कृषि ल्याबबाट आफ्नो जग्गाको माटो जचाँइ प्राविधीकको सल्लाहमा मुग दालको खेती गर्न थालेका छन् । यसबाट उनीहरुलाई बर्ष भरी खान पुग्ने दाल उत्पादन भएको छ । बेमौसमी तरकारी खेती शुरु गरी आर्थिक उपार्जन गर्न थालेका छन् । जग्गामा सिंचाईको लागि २ वटा बोरीङ्ग छन् । सामूहिकरुपमा कागती रोपण गरेका छन् । यसरी उक्त ३२ घरपरिवारको जीवनस्तर सुधारमा सहयोग पुगेको छ ।
  - चौधर नदीमा बाढी, कटान तथा पटान र भुक्षय ग्रस्त क्षेत्रमा तटबन्ध निर्माण कार्य तथा बाँस रोपण जस्ता कार्यहरुले गर्दा सो विपदहरुबाट हुने क्षती न्युनीकरण हुनुका साथै वातावरणीय अनुकुलतामा सहयोग पुगेको छ ।
  - बेदकोट नगरपालिकाको वडा नं १० स्थित कालिका कृषक समूहका २६ जना महिलाहरुलाई NTFP उत्पादन र प्रशोधन मार्फत आयमुलक क्रियाकलापमा जोड्न सकिएको छ ।
  - बेरोजगार तथा गरिव किशोरी तथा महिला वर्गलाई व्यवसायिक सस उत्पादन सम्बन्धी क्षमता विकास पुनतार्जगी तालिम तथा सामाग्रीको सहयोगबाट स्थानीय स्तरमा सस उत्पादन सम्वन्धि घरेलु उद्योग सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार भएको छ ।
  - विद्यमान सामाजिक सवालहरु जस्तै बाल विवाह, जाँडरक्सी तथा लागुपर्दाथ दुर्व्यसनी नियन्त्रण तथा रोकथाम आदि सवाल सम्बोधनका लागि अभियान तथा कार्यक्रम सञ्चालन भएका छन् ।
  - सामुदायिक सिकाई तथा कार्य केन्द्र र सामुदायिक वन उपभोक्ता समूहहरुको अन्य निकाय तथा सरकारी कार्यालयसँग सहकार्य र सम्पर्क बढेको छ । जस्तै जिल्ला दैवी प्रकोप तथा विपद व्यवस्थापन समन्वय समितिको आयोजनामा विपद व्यवस्थापनमा खोज उद्धार र जिल्ला तथा नगरपालिकामा समन्वय तथा संचारकालागि कृत्रिम अभ्यास कार्यक्रममा बैतडा सिकाई केन्द्रका महिलाहरु सहभागी भई सिकाई आदान प्रदान गरेका छन् ।

- तरकारीको बिरुवा उत्पादन गर्न प्लास्टिक थैलाको सट्टा स्थानीय स्तरमा उपलब्ध बिरुवाको पातको थैला (खोचा) प्रयोग गर्दा निम्न आर्थिकस्तर भएका कृषकहरुको जिवनस्तर माथि उठाउन र प्लास्टिक थैलाको प्रयोगबाट जलवायु परिर्वतनमा परेको असरलाई न्यूनिकरण गर्न मदद्त पुग्ने देखिन्छ ।

- स्थानीय सरकार, सरोकारवाला निकायहरु तथा सकंटासन्न बस्ती, समुदाय तथा लक्षित वर्गहरुको सक्रिय सहभागितामा सहभागितामुलक अन्तरक्रियात्मक गोष्ठी, छलफल मार्फत गरिएको सामाजिक विश्लेषणको आधारमा विकासको मुल प्रवाहबाट पछाडि पारिएका र सा.व.उ.स. मा वहिष्करणमा परेका १९ मुक्त हलियाहरुलाई सामुदायिक वन उपभोक्ता समूहको सदस्यको रुपमा (गणेस र अमर सा.व.उ.स.) समावेश गर्न सहयोग पुगेको छ ।
- विद्यमान सामाजिक सवाल सम्बोधन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, महिला नेतृत्व विकास सम्बन्धी विषयगत ज्ञान, सीप तथा दक्षताको विकास, महिला सशक्तीकरण विकासका लागि उपायहरुको खोजी विषयमा सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्दै महिला नेतृत्व विकासमा सहयोग पुगेको छ ।
- सामुदायिक सिकाई तथा कार्य केन्द्र सञ्चालनबाट विपन्न, दलित र महिलाहरुले पैरवी अभियानमा मुख्य नेतृत्व बहन गर्दे स्थानीय निकायहरुसँगको सहकार्य तथा समन्वयमा विविध क्रियाकलापहरु सञ्चालन गरी सामाजिक रुपान्तरणका क्षेत्रमा सक्रिय सहभागितामा अग्रपक्तिंमा आउनका लागि सक्षम भएका छन् ।
- बेदकोट नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सा.व.उ.स. मा क्षमता सुधारका लागि समयानुसारको कार्ययोजना बनाई लागु गर्दा समूहको आन्तरिक तथा बाह्य सुशासन अभिवृद्धी गर्न सहयोग पुगेको पाईएको छ । साथै उक्त समूहहरुको संस्थागत क्षमता पुनःआँकलन गर्दाखेरी उल्लेख्य रुपमा पहिलेभन्दा सुधार भएको र समूह अझ बढी सक्रिय भएको पाइएको छ ।
- समुदायमा आधारित चोरीशिकार नियन्त्रण ईकाइहरुको गठन तथा परिचालनबाट वन्यजन्तु, वनजंगल लगायतका अन्य प्राकृतिक स्रोतहरुको संरक्षणमा स्थानीय बासिन्दाहरुको सहभागीता बढी चोरीशिकार जस्ता गतिविधिलाई निरुत्साहित गर्न र अवैध रुपले चोरीशिकार तथा पैठारी भएको पाईएमा कानुन नियमन निकाय समक्ष जानकारी दिने तथा संरक्षण सम्बन्धी जनचेतना फैलाउने अभियान सञ्चालन भएका छन् ।
- बायोग्याँसको निर्माणबाट पर्यावरण संरक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरु ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य कमी आएको छ ।
- एकिकृत उप-जलाधार व्यवस्थापन योजना कार्यान्वयनमा सहयोग गर्दा स्थानीय स्तरमै उपलब्ध स्रोत साधनहरुको प्रयोगबाट र सम्बन्धित वडा कार्यालय, मिलन महिला सा.व.उ.स., बैजनाथ मध्यवर्ती सा.व.उ.स र जनचेतना सा.व.उ.स.संगको समन्वय र सहकार्यबाट उपल्लो भेगमा रहेका बाँझो जमिनहरु प्रयोगमा आएका छन् भने उचित भू-उपयोगितामा सुधार भएको छ । जलाधार क्षेत्रको पानी बहन गर्ने क्षमतामा पनि बृद्धि भएको छ ।
- बिजयसाल संरक्षण कार्यक्रम लागु भएपछि लोपोन्मुख अबस्थामा पुगेको दुर्लभ वनस्पति बिजयसालको वन हाल घना बन्दै गएको छ ।
- सीपमूलक तालिम सञ्चालन पश्चात विद्यालयबाट बाहिरिएका एवं कुनै पनि किसिमको प्राविधिक शिक्षा तथा व्यावसायिक सीप नपाएका युवा तथा वयस्क जनशक्तिलाई जीवन निर्वाहका लागि आय आर्जन हुने कार्यमा संलग्न गराउन सकिएको छ ।

## सिकाई

हरियो वन कार्यक्रमले बेदकोट नगरपालिकामा सञ्चालन गरेका क्रियाकलापहरुको विस्तृत योजना, कार्यक्षेत्र, कार्यशैली आदिका बारेमा स्थानीय सरकार तथा समुदायहरुलाई पारदर्शी ढंगले जानकारी दिई क्रियाकलापहरु सञ्चालन गरिरहेको हुँदा निकै प्रभावकारी सहयोग प्राप्त भएको छ । तसर्थ कुनै पनि परियोजनाका हरेक चरणहरुमा स्थानीय सरकारको नेतृत्व तथा स्थानीय समुदायको अपनत्व गराएर मात्रै कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । यस्ता कार्यक्रम र क्रियाकलापको खाका तयार गर्दा स्थानीय स्तरमै उपलब्ध स्रोत र साधनहरुको प्रयोग तथा सुधारमा जोड दिनु पर्ने देखिन्छ । सञ्चालनमा ल्याइएका कार्यक्रम तथा परियोजनाहरूले सरोकारवालाहरु वा लाभान्वित समूहलाई पारेका प्रभावहरूका बारेमा पनि विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ । कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ताहरु बिच सहभागितात्मक छलफल गर्ने परिपाटीले सुधार गर्नुपर्ने कुराको पहिचान, सुधार योजना, कार्यान्वयन तथा उपलब्धि प्राप्त गर्न सहज हुने देखिएको छ। वाह्य श्रोतबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगका साथसाथै स्थानीय समुदायहरुले एक समुदायमा भएका राम्रा अभ्यास र सिकाईहरु अर्को समुदायलाई सिकाउने र सिक्ने गर्दा संलग्न सबै पक्षलाई फाइदा पुगेको छ । बिकास निर्माणका कार्यक्रमहरु तय गर्दा दोहोरोपना हटाई सकेसम्म लक्षित वर्गहरुमा ती क्रियाकलापहरुले दिगो असर पार्ने गरी तय गरिनु पर्दछ। विभिन्न स-साना क्रियाकलापहरुमा थोरै-थोरै बजेट बिनियोजन गरिनु भन्दा पनि धेरै लक्षित वर्गलाई फाइदा पुग्ने गरी कुनै एक क्रियाकलापका लागि समस्टिगत रुपमा बजेट बिनियोजन गरिनु समुदायका लागि प्रभावकारी हुन सक्छ ।

**अन्य केही मुख्य सिकाईहरुः**

- जलवायु परिवर्तनका असरहरुलाई सामना गर्न समुदाय र सामुदायिक संगठनहरु (जस्तै साबउस, सामुदायिक सिकाई तथा कार्य केन्द्र, कृषि समूह, सहकारी समूह, समुदाय स्तरका सघं संस्थाहरु, समुदायमा आधारित चोरी सिकारी नियन्त्रण समिति) को परिचालन उपयुक्त माध्यम हो । यसका लागि उनीहरुमा पर्याप्त ज्ञान, सिप तथा क्षमता विकास तथा अभिवृद्धि हुन आवश्यक छ ।
- जलवायु परिवर्तनको असर मानव समुदायको तुलनामा वन तथा जैविक विविधतामा ढिलो देखिएता पनि अन्तत्वगोत्वा मानव समुदायमा यसको प्रभाव उल्लेख्य मात्रामा पर्दछ । (सामुदायिक र पारिस्थितिकीय अनुकूलन)
- हरियो वन कार्यक्रमद्वारा सञ्चालित लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रमले महिला सशक्तीकरणमा उल्लेख्य योगदान पुऱ्याएको छ । तर सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा रोक्न अझै प्रभावकारी कार्यक्रमहरु लागु गर्न आवश्यक छ । (नेतृत्व बिकास, पुरुष तथा निर्णायक वर्गको संलग्नता, जोडी तालिम आदि )
- स्रोत पर्याप्त भएका समूहहरुले सुशासन सुदृढीकरण र प्राकृतिक स्रोतबाट हुने लाभको न्यायोचित बाँडफाँडमा ध्यान पुऱ्याउन आवश्यक छ । (सुशासनका औजारहरुको प्रयोग, सामुदायिक वन बिकास मार्गदर्शन, न्यायोचित वितरण आदि)
- १६ हप्तासम्म विविध गतिविधिका साथ सञ्चालन गरिने सामुदायिक सिकाई तथा कार्य केन्द्रको अभ्यासमा निरन्तरताको साथै सहभागी, सहजकर्ता र स्थानिय सरकारको उचित तालमेल र सहकार्य हुन सकेको खण्डमा महिलाहरुलाई संगठित गर्न र स्थानिय स्तरका सामाजिक सवालहरु विषेशगरी विभिन्न प्रकारका लैंगिक हिंसाका सवालहरु सम्बोधनमा प्रभावकारी रहेको पाइएको छ ।
- बायोग्याँस स्थापना गर्दा अनुदान रकम पाउनका लागि कागजी प्रक्रिया लामो भएको खण्डमा यस कार्यक्रम प्रतिको आकर्षण कम हुने भएकाले बेदकोट नगरपालिकाले सो प्रक्रियालाई सहज बनाउँदा अझ प्रभावकारी हुने देखिन्छ ।
- बजारमुखी जीविकोपार्जन सुधारका कार्यक्रमहरुलाई स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा मूलधारमा ल्याई यी उद्यमहरुको प्रबर्धन गर्नका लागि निश्चित बजेट विनियोजन गरेमा आगामी दिनहरुमा यहाँका बासिन्दाहरुको जीवनस्तर उकास्न सकिन्छ ।
- बिजयसाल संरक्षणमा सामुदायिक वन उपभोक्ता समूहहरू, समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईहरु (CBAPUs), युवा समूह/क्लबहरू, इको-क्लबहरू र आमो समूहहरुको क्षमता अभिबृद्धि गरिनुपर्ने देखिन्छ ।

## समुदायमा कार्यक्रमको दिगोपना

हरियो वन कार्यक्रमले सञ्चालन गरेका क्रियाकलापहरु स्थानीय स्तरमैं माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय बिकासमा वाधा पुऱ्याउने समस्याका समाधानका कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ। आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले बेदकोट नगरपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ। यसका लागि बेदकोट नगरपालिकाले स्थानीय स्रोत, साधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याउन बाँकी रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुऱ्याउने छन्। जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्तत्वगोत्वा पर्यावरण संरक्षण र जीवनस्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ।

समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पर्दछ र सो कार्यमा बेदकोट नगरपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ। वहुवर्षिय बालीहरुलाई ब्लकस्तरमा उत्पादन गर्न प्रोत्साहन गरी यस नगरपालिकाको चुरेक्षेत्रमा भू-क्षय कम गर्ने काममा स्थानीय तह, कृषक, नीजि क्षेत्र लगायत सबै सरोकारवालाहरुको सहकार्य जरूरी हुन्छ । यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ। स्थानीय सरकारले असल अभ्यासको अनुसरण गरी आफ्ना वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ। जलाधार क्षेत्रमा संस्थागत संरचनाको स्थापना तथा बिकासका लागि पनि स्थानीय सरकारले पहल गर्दा थप प्रभावकारी हुन्छ। वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न बेदकोट नगरपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ।

हरियो वन कार्यक्रमको समयावधी समाप्त हुनु अघि हाल सञ्चालनमा रहेका क्रियाकलापहरु र आशातीत उपलब्धिहरु हासिल हुने गरी सम्पन्न गरिनेछ। सफल देखिएका क्रियाकलापहरुलाई बिस्तार गर्नका लागि आवश्यक प्राविधिक सहयोग निरन्तर प्रदान गरिनेछ। ती क्रियाकलापहरुलाई राष्ट्रिय योजना तथा अन्य आयोजनाहरु साथै सरोकारवालाहरु र हरियो वन कार्यक्रमका साझेदार संस्थाहरुसँग सहकार्य तथा साझेदारीका लागि प्रयासहरु गरिनेछ। साथै बाँकी समयावधीमा यी कार्यक्रमहरु कार्यान्वयनका दौरान प्राप्त सिकाई तथा उपलब्धिहरुको अभिलेखिकरण पनि गरिनेछ।

**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट | WWF | care | FECOFUN | NTNC

**डिस्क्लेमरः** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो। यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री डब्लुडब्लुएफ नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।